**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०१ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- वित्त मंत्री निर्मला सीतारामनले आज केन्द्रीय बजट प्रस्तुत गर्नुहुँदै यो बजट **'विकसित भारत'** को आकांक्षाहरुद्वारा प्रेरित रहेको बताउनुभयो।

- वित्त मंत्रीले नयाँ कर व्यवस्था अंतर्गत 12 लाख सम्मको आय मा कुनै आयकर दिन नपर्ने घोषणा गर्नुभएको छ।

- प्रधान मंत्री नरेन्द्र मोदीले बजट २०२५-२६ ले प्रत्येक भारतीय को सपनालाई पूरा गरेको बताउनुभएको छ।

- दार्जीलिङका सांसद राजु विष्टले केन्द्रीय बजटलाई प्रभावकारी बताउनु भएको छ।

- पश्चिम बंगालका मानिसहरुले बजटको स्वागत गरेका छन्।

**संशो बजट**

केन्द्रीय वित्त मंत्री निर्मला सीतारामन ने आज संसद भवनमा केन्द्रीय बजट 2025-26 प्रस्तुत गर्नुभयो। यो एनडीए सरकार को तीस्रो कार्यकालको पहिलो बजट हो। उहाँले प्रस्तावित बजट मा 10 प्रमुख क्षेत्रमा ध्यान केन्द्रित गरिएको बताउनुहुँदै, बजट को उद्देश्य सबैलाई समावेशी विकास तर्फ अग्रसर गराउन रहेको बताउनुभयो। श्रीमती सीतारामनले यो बजट **'विकसित भारत'** को आकांक्षाहरुद्वारा प्रेरित रहेको बताउनुभयो तथा यो बजट विकासलाई गति दिनको लागि समर्पित रहेको बताउनुभयो। उहाँले भन्नुभयो कि सरकार को लक्ष्य आगामी पांच वर्ष मा रोजगार आधारित विकासलाई सक्षम बनाउन हो। वित्त मंत्रीले भन्नुभयो कि सरकारले दालहरुमा आत्मनिर्भरता प्राप्त गर्नका लागि छह वर्ष को मिशन शुरू गर्नेछ। उहाँ मखाना को उत्पादन अनि विपणन मा सुधार को लागि मखाना बोर्ड को स्थापना गरिने बताउनुभयो। उहाँले यस बजट को उद्देश्य कराधान, बिजली क्षेत्र, शहरी विकास, खनन, वित्तीय क्षेत्र अनि नियामक सुधारहरु सहित छहवटा क्षेत्रमा परिवर्तनकारी सुधार शुरू गरिने रहेको बताउनुभयो। उहाँले विकास को यात्रा को लागि कृषि, एम.एस.एम.ई, निवेश अनि निर्यात चार पावर इंजन रहेको बताउनुभयो हैं। वित्त मंत्रीले कपास उत्पादकता को लागि एउटा मिशनको घोषणा पनि गर्नुभयो। वित्त मंत्रीले इंडिया पोस्टलाई विशाल नेटवर्क सहित ग्रामीण अर्थव्यवस्था को उत्प्रेरक को रूप मा फेरि स्थापित गरिनेछ। वित्त मंत्रीले क्रेडिट गारंटी कवर बढ़ाइने तथा क्रेडिटसम्म पहुंच मा सुधार को लागि सूक्ष्म उद्यमहरुका लागि क्रेडिट गारंटी कवरलाई पांच करोडदेखि बढ़ाएर 10 करोड़ गरिनेछ। यसद्वारा आगामी पांच वर्षमा डेढ लाख करोड़को अतिरिक्त क्रेडिट प्राप्त हुनेछ। उहाँले भन्नुभयो कि एम.एस.एम.ई. को लागि सावधि ऋण बढ़ाएर 20 करोड़ रुपियाँ बनाइनेछ। वित्त मंत्रीले आगामी पांच वर्षमा दुइ करोड़ रुपियाँ सम्मको सावधि ऋणको साथै अनुसूचित जाति अनि अनुसूचित जनजाति का महिला उद्यमीहरुका लागि नयाँ योजनाहरु शुरू गरिनेछ। उहाँले फुटवियर अनि चमड़ा क्षेत्र को लागि केंद्रित योजनाहरु लागू गरिने पनि बताउनुभयो। उहाँले भारतलाई खेलौना निर्माण को वैश्विक केंद्र बनाउन योजना लागू गरिने पनि बताउनुभयो। श्रीमती सीतारमणले भन्नुभयो कि  स्कूलहरुमा 50 हजार **अटल टिंकरिंग** लैब स्थापित गरिने छ, तथा **मेक इन इंडिया** अंतर्गत देश मा कौशल विकास को लागि पांच राष्ट्रीय केंद्र स्थापित गरिने छ। उहाँले भन्नुभयो कि सबै सरकारी माध्यमिक विद्याल अनि प्राथमिक स्वास्थ्य केंद्रहरुलाई ब्रॉडबैंड कनेक्टिविटी उपलब्ध गराइनेछ। श्रीमति सितारमनले भन्नुभयो कि सरकारले एक लाख करोड़ रुपियाँ को परिव्यय साथै **अर्बन चैलेंज फंड** स्थापित गर्नेछ। मेडिकल कॉलेजहरुमा दस हजार अतिरिक्त सीटहरु बढाइने अनि निजी क्षेत्रसित साझेदारी

मा **मेडिकल टूरिज्म** अनि **हील इन इंडिया** नीति लाई बढ़ावा दिइने पनि वित्त मंत्रीले बताउनुभयो।

****** ० ******

**बजट २**

केन्द्रीय वित्त मंत्री निर्मला सीतारामनले आज संसद भवनमा केन्द्रीय बजट 2025-26 प्रस्तुत गर्नु हुँदै स्रोतमा कर कटौती-टीडीएस का दरहरु अनि सीमाहरुको संख्या कम गरी यसलाई युक्तिसंगत बनाउने प्रस्ताव गर्नुभएको छ। वरिष्ठ नागरिकहरुका लागि ब्याजमा कटौती को सीमा पचास हजार देखि बढ़ाएर एक लाख गरिन्दैछ। कर सुधारहरुलाई अघि बढ़ाउँदै वित्त मंत्रीले सरकारले नयाँ आयकर विधेयक प्रस्तुत गर्ने घोषणा पनि गर्नुभएको छ। स्वैच्छिक अनुपालनलाई प्रोत्साहित गर्नकालागि अब कुनै पनि कर निर्धारण वर्ष को लागि अद्यतन विवरणी दर्ता गर्ने समय सीमालाई वर्तमान दुइ वर्ष देखि बढ़ाएर चार वर्ष गरिने प्रस्ताव पनि गरिएको छ। वित्त मंत्रीले नयाँ कर व्यवस्था अंतर्गत 12 लाख सम्मको आय मा कुनै आयकर दिन नपर्ने घोषणा पनि गर्नुभएको छ। यसमा विशिष्ट दर आय जस्ता पूंजीगत लाभलाई छोड़ेर एक लाख रूपियाँ प्रति महिनाको औसत आय माथि कुनै कर दिन पर्ने छैन। वेतनभोगी करदाताहरुका लागि यो सीमा 75 हजार को मानक कटौती को कारण 12 लाख 75 हजार हुनेछ। यस बाहेक सबै करदातालाई लाभ पुर्याउनका लागि सबै श्रेणीहरुमा कर स्लैब अनि दरहरुमा परिवर्तन गरिने प्रस्ताव पनि छ। नयाँ संरचना अनुसार चार लाख रूपियाँ सम्म कुनै कर दिन पर्ने छैन। चार देखि आठ लाख रूपिया को आय मा पांच प्रतिशत, आठ देखि बारह लाख सम्म दस प्रतिशत, 12 देखि 16 लाख सम्म पंद्रह प्रतिशत, सोलह देखि बीस लाख सम्म बीस प्रतिशत, बीस देखि 24 लाख रूपियाँ सम्म 25 प्रतिशत अनि 24 लाख रूपियँ भन्दा अधिक आय मा तीस प्रतिशत कर लगाइने प्रस्ताव गरिएको छ। वित्त मंत्रीले भन्नुभएको छ कि यी प्रस्तावहरुको परिणामस्वरूप प्रत्यक्ष कर मा सरकारले लगभग एक लाख करोड़ अनि अप्रत्यक्ष कर मा दुइ हजार छह सय करोड़ रूपियाँ को परित्याग गर्नेछ। बजट मा औषधि तथा दवाईहरुको आयातमा राहत दिने प्रस्ताव गरिएको छ। विशेष रूपले कैंसर, असाधारण रोगहरु तथा अन्य गंभीर जीर्ण रोगहरुद्वारा पीड़ित रोगीहरुलाई राहत दिनका लागि 36 जीवन रक्षक औषधी अनि दवाईहरुलाई बुनियादी सीमा-शुल्कबाट पूर्णरुपले छूट प्राप्त दवाईहरुको सूची मा शामेल गरिने प्रस्ताव गरियो। वित्त मंत्री ले इलैक्ट्रिक वाहनहरुको बैटरी को विनिर्माण को लागि 35 अतिरिक्त पूंजीगत वस्तु अनि मोबाइल फोन बैटरी विनिर्माण को लागि 28 अतिरिक्त पूंजीगत वस्तुहरुलाई छूट-प्राप्त पूंजीगत वस्तुहरुको सूची मा शामेल गरिने प्रस्ताव गर्नुभयो। बजट मा पीएम स्वनिधि योजनालाई नवीकृत गर्ने प्रस्ताव पनि छ। जल जीवन मिशनको विस्तार 2028 सम्म गरिने घोषणा गरिएको छ। यस अंतर्गत 2019 देखि पंद्रह करोड़ भन्दा अधिक परीवारहरुलाई नल द्वारा पेयजल प्रदान गरिएको छ पनि बताइएको छ। सरकारले विद्युत क्षेत्र मा राज्यहरु द्वारा विध्युत वितरण सुधार अनि अंतर्राज्य ट्रांसमिशन क्षमता को संवर्धनलाई प्रोत्साहित गर्नेछ। वर्ष 2047 सम्ममा कम्तीमा १ सय गीगा वॉट परमाणु ऊर्जा को विकास को लक्ष्यलाई प्राप्त गर्नका लागि निजी क्षेत्र सित सक्रिय भागेदारी गरिने पनि वित्त मंत्रीले बताउनुभयो। आगामी दस वर्षमा क्षेत्रीय कनेक्टिविटी बढ़ाउन साथै चार करोड़ यात्रीहरुलाई परिवहनको सुविधा दिन सरकारले संशोधित उडान स्कीम शुरू गर्ने कुरो पनि वित्त मंत्रीले बताउनुभएको छ।

****** ० ******

**राजू-बजट**

दार्जीलिङका सांसद राजु विष्टले प्रधानमन्त्री नरेन्द्र मोदी अनि वित्त मन्त्री निर्मला सितारमणलाई 2025 को प्रभावकारी केन्द्रीय बजेट प्रस्तुत गरेकोमा सम्पूर्ण नागरिकहरूको तर्फबाट धन्यवाद दिनुभएको छ। सांसद राजु विष्टले एक प्रेस विज्ञप्तिमा भन्नुभयो केन्द्रीय बजेट 2025 ले कर सुधार, कृषि, पर्यटन र पूर्वाधार सुदृढीकरणमा केन्द्रीत भएर विकसित भारतको लागि मार्ग प्रस्तुत गर्दछ, यसले विशेष गरी ग्रामीण र पहाड़ी क्षेत्रहरूलाई ध्यान केन्द्रीत गरेको छ। उहाले भन्नुभयो बजेटले नयाँ व्यवस्था अन्तर्गत 12 लाखसम्मको आयमा कुनै कर नलाग्ने जसले हाम्रा मध्यम वर्गीय परिवारहरूलाई बढी खर्च योग्य आय प्रदान गर्दछ। प्रधानमन्त्री नरेन्द्र मोदी अनि वित्त मन्त्री निर्मला सितारामप्रति कृतज्ञता प्रकट गर्दै सांसद राजु विष्टले ग्रामीण तथा अविकसित क्षेत्रहरूमा पर्यटन विकासको लागि अग्रगामी एजेन्डा, होमस्टे पर्यटन विकास र बौद्ध पर्यटन सर्किट पहलको विकासमा जोड दिइएको छ, जसले रोजगारी सिर्जना गर्ने , स्थानीय अर्थतन्त्रलाई फाइदा पुग्ने बताउनु भयो। बजेटले प्रधानमन्त्री धन धनय कृषि योजना एक सय जिल्लामा विस्तार भएको, पूँजीगत खर्च विनियोजन उल्लेखनीय वृद्धिसँगै पूर्वाधारमा लगानी बढ्ने, सुध्रिएका ऋण सुविधा मार्फत एम एस एम ई र स्टार्ट अपहरणको लागि सहयोग बढाइने अनि शिक्षा अनि स्वास्थ्यलाई प्राथमिक दिइने जस्ता विषयले हाम्रो दार्जीलिङ, पहाड़,

तराई र डुवर्स जस्ता पिछडिएका पहाड़ी क्षेत्रको विकासमा विशेष ध्यान दिएकोले सांसद राजु बिष्टले वित्त मन्त्रालय निर्मला सितारामणप्रति कृतज्ञ रहेको बताउनु भयो।

****** ० ******

**प्रधानमन्त्री-** **बजेट**

प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्रीय बजेट २०२५-२६ ले १४० करोड भारतीयहरूको आकांक्षा पूरा गर्ने सरकारको प्रतिबद्धता झल्काएको बताउनुभएको छ। आफ्नो बजेट सन्देशमा प्रधानमन्त्रीले यो बजेट भारतको विकास यात्रामा एउटा महत्वपूर्ण कोसेढुङ्गा भएको बताउनुभएको छ।

****** ० ******

**अभिषेक-ब्यानर्जी**

केन्द्रीय बजेटबारे आफ्नो प्रतिक्रियामा तृणमूल कांग्रेसका महासचिव एवं डायमंड हार्बर लोकसभा क्षेत्रका सांसद अभिषेक ब्यानर्जीले यस बजेटमा बंगालको लागि केहि नभएको भन्नुभएको छ ।उँहाले बिहारको चुनावलाई ध्यानमा राख्दै यो बजेट बनाईएको भन्नुभयो। यस बजेटमा बिहारका लागि धैरै घोषणा गरिएको छ। अभिषेकले , पछिल्लो दस वर्षमा जब देखि यो सरकार सत्तामा आएको छ, त्यसबेला देखी नै बंगालले केहि पाएको छैन भन्नुभयो। यस बजेटमा बंगालको लागि कहि नरहेको भन्दै यो दुखद र दुर्भाग्यपूर्ण हो उँहाले भन्नुभयो।

****** ० ******

**ममता बिनानी- बजेट**

एम.एस.एम.ई विकास फोरमकी अध्यक्ष ममता बिनानीले केन्द्रीय बजेट २०२५-२६ लाई भारतीय एम.एस.एम. ई-का लागि परिवर्तनकारी कदम रहेको भन्दै प्रशंसा गर्नुभएको छ। उहाले भन्नुभयो- वित्त मन्त्री निर्मला सितारमणद्वारा संसदमा प्रस्तुत गरिएको केन्द्रीय बजेट एम.एस.एम.ई-हरूका लागि खेल परिवर्तनकारी हो। उहाले भन्नुभयो- लघु उद्यमीहरूको लागि ५ लाखको सीमा भएका कस्टमाइज्ड क्रेडिट कार्डहरूको शुरूवातले वित्तमा अत्यावाश्यक पहुच प्रदान गर्नेछ जसले गर्दा वृद्धि र दिगोपन बढ़नेछ। यसका साथै निर्यातका गैर-टैरिफ अवरोधहरूलाई सम्बोधन गर्ने र विश्वव्यापी प्रतिस्पर्द्धामकता बढ़ाउने कुरामा ध्यान केन्द्रित गर्नाले एम.एस.एम.ई-हरूलाई अन्तर्राष्टीय स्तरमा फस्टाउन नया बाटोहरू खुल्नेछन्।

****** ० ******